# मधेशी आयोग

ज्वागल, ललितपुर

प.सं.:

च.नं.

फोन नं. ०१-५२६५१८९
टोल फ्रि नं. १६६००११६१८५


मिति-२०८१।०४।०९

## प्रेस विज्ञप्ति

आज मिति २०८१ साउन ९ गते विहान ११: ११ बजे सौर्य एयरलाइन्सको जहाज दुर्घटनामा परी १८(अठार) जनाको मृत्यु भएको घटनाप्रति आयोग हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोक सन्तप्त परिवारजनप्रति समवेदना व्यक्त गर्दछ ।साथै घाइते भएको १ (एक) जनाको शिघ्र स्वास्थ्य लाभको कामना गर्दै सो घाइतेको सघन उपचारको व्यवस्थाको लागि राज्यले दायित्व वोध गरोस ।

यसका साथै यस वर्ष २०८१ सालमा जेष्ठ महिना देखी मनसुनी वर्षा प्रारम्भ भएको कारण बाढी पहिरोका साथै सयकडौले ज्यान गुमाउनु परेको देखिन्छ । यसै क्रममा २०८१ असार २७ गते राती चितवन जिल्लामा भएको २(दुई) वटा वस दुर्घटनामा मृत्यु भएकाहरुप्रति आयोग हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै अझै वेपत्ता रहेका यात्रुहरुको स्वांस वा लासको यकिन गरी पिडित परिवारलाई सहानुभुतीपूर्वक पुर्ण व्यवस्थापन गर्नुपर्ने तथा दुबै घटनामा ज्यान गुमाएकाहरुको आश्रित परिवारलाई राज्यले यथा सम्भव राहत, पुनर्वासको व्यवस्था गरी/गराइदिनुहुन आयोग हार्दिक अपिल गर्दछ ।

यसका अतिरिक्त प्राकृतिकजन्य विपतलाई वैज्ञानिक तवरले नै न्युनिकरण गर्नका लागि आयोग राज्यलाई सिफारिस गर्दछ ।

(नरेश राज खेरल)
सचिव